बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नं.१२३ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/०६/२० समय:बिहानको ११:३० बजे
बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

प्रस्ताव नं.: १
प्रस्तावको विषय : बाँसगढी नगरपालिका नगर कार्यपालिकाको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।
निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपालिका नगर कार्यपालिकाको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
भएको निर्णय : बाँसगढी नगरपालिका नगर कार्यपालिकाको १२२ औं बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। कार्यान्वयन हुन नसकेका र हुने क्रममा रहेका निर्णयहरु क्रमश: कार्यान्वयन गर्दै जाने।

प्रस्ताव नं.: २
प्रस्तावको विषय : शुभकामना सम्बन्धमा।
कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।
निर्णय हुनुपर्ने विषय : बिजयादशमी २०८१ को शुभकामना सम्बन्धमा।
भएको निर्णय : हिन्दुहरुको महान पर्व २०८१ को बिजयादशमी,शुभ दिपावली,छठ तथा नेपाल संबतको उपलक्ष्यमा सम्पूर्ण बाँसगढी नगरबासीमा सुख,समृद्धि र शान्तिको लागि हार्दिक मंगलमय शुभकामना आजको बैठक बाट प्रकट गर्दछ।

प्रस्ताव नं.: ३
प्रस्तावको विषय : चालु आ.ब.२०८१।०८२ योजनाको प्रगति सम्बन्धमा।
कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।
निर्णय हुनुपर्ने विषय : चालु आ.ब.२०८१।०८२ योजनाको प्रगति सम्बन्धमा।
भएको निर्णय : यस बाँसगढी नगरपालिकामा चालु आ.ब.२०८१।०८२ मा संचालन हुने आयोजना तथा कार्यक्रमहरुको हाल सम्म भएको कार्य प्रगितिको समिक्षा गरियो। आगामी दिनमा अझ सुधार गर्दै जानको लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने।

प्रस्ताव नं.: ४
प्रस्तावको विषय : फर्मको स्वरुप परिवर्तन अनुमति सम्बन्धमा।
कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।
निर्णय हुनुपर्ने विषय : फर्मको स्वरुप परिवर्तन अनुमति सम्बन्धमा।
भएको निर्णय : बर्दिया जिल्ला बाँसगढी नगरपालिका वडा नं.९ स्थित प्रा.फ.र.नं. ५९।१३१२ को गौतम कन्सट्रक्सन नामक फर्म बाट स्वरुप परिवर्तन गरी राधारमण बिल्डर्स प्रा.लि.मा रुपान्तरण गरी दर्ता गरी दिनु हुन भनि गौतम कन्सट्रक्सन नामक फर्मका प्रो. गोबिन्द प्रसाद उपाध्यायले दिएको निबेदन अनुसार कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ मिति २०८०।०५।०१ च.न. ७०८६ निर्णय बमोजिम प्रा.फ.बाट प्रा.लि.मा दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालय बर्दियाको मिति २०८१।०५।२० च.नं. ३८४ को निर्णय बाट फर्मको स्वरुप परिवर्तन भई आएको हुँदा गौतम कन्स्ट्रक्सनको सम्पूर्ण चल अचल ऋण, धन दायित्व राधारमण बिल्डर्स प्रा.लि.बाँसगढी ९ बर्दियाले ब्यहोर्ने साकार्ने गरी प्रा.फ. बाट स्वरुप परिवर्तन गरि प्रा.लि.मा दर्ता गरि दिने।

प्रस्ताव नं.: ५

प्रस्तावको विषय : साझेदारीमा आयोजना सञ्चालन सम्बन्धमा ।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : सिंचाई आयोजना साझेदारीमा सञ्चालन गर्ने सम्बन्धमा ।

भएको निर्णय :यस बाँसगढी नगरपालिका अन्तर्गत पूर्व पश्चिम राजमार्ग देखि उत्तर तर्फ वडा नं.२,३,४,८ र ९ नं. वडाको सिंचाईको लागि नगर गौरबका रुपमा रहेको बृहद सिंचाई आयोजना निर्माणको लागि दातृ निकाय USID संग सहकार्यको लागि अनुरोध गर्ने ।

प्रस्ताव नं.: ६

प्रस्तावको विषय : खर्च अनुमोदन गरी भुक्तानी दिने सम्बन्धमा ।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : खर्च अनुमोदन गरी भुक्तानी दिने सम्बन्धमा ।

भएको निर्णय :

१.पूर्व पश्चिम राजमार्ग देखि नगर कार्यपालिकाको कार्यालय बाँसगढी तर्फ जाने स्थान पूर्बपश्चिम राजमार्गमा राष्ट्रको सम्मानको लागि नगरपालिकाको चिनारीको रुपमा संविधान दिवस तथा राष्ट्रिय एकता दिवस २०८१ को अवसरमा मिति २०८१ असोज ३ गते राष्ट्रिय झण्डा राखिएको हुँदा राष्ट्रिय झण्डा राख्नको लागि निर्माण गरिएको संरचनामा भएको खर्च रु.१,६०,०००।–( एक लाख साटी हजार मात्र) बिबिध खर्च खातामा रहेको रकम बाट सोही शीर्षकमा भुक्तानी दिने ।

२.मिति २०८१ असोज ११ गते देखि १३ गते सम्म परेको अविरल बर्षाका कारण आएको बिपद्ले काठमाण्डौ उपत्यका लगाएत मुलुक भर ठुलो धनजनको क्षति भएको उक्त समयमा बिभिन्न कामको सिलिसलामा काठमाण्डौ गएका यस बाँसगढी नगरपालिका भित्रका नागरिकहरु बिपद्का कारणले गर्दा आर्थिक अभाव भई घर फिर्ता आउन समेत समस्या भएका नगरबासीहरुलाई स्थलमार्ग बाट काठमाण्डौ देखि बाँसगढी नगरपालिका सम्म ल्याउनको लागि भएको खर्च रु.१,००,०००।– (एक लाख मात्र) उद्दार,राहात तथा पुनर्स्थापना खर्च शीर्षक बाट भुक्तानी दिने ।

प्रस्ताव नं.: ७

प्रस्तावको विषय : बिपद बाट क्षति भएकाहरुको लागि सहयोग दिने सम्बन्धमा ।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : बिपद् बाट क्षति भएकाहरुको लागि सहयोग दिने सम्बन्धमा ।

भएको निर्णय : बिपदमा परेको कारण आर्थिक सहयोग उपलब्ध गराई पाउँ भनि बिभिन्न मितिमा यस नगर कार्यपालिको कार्यालयमा निबेदन दिएका ब्यक्तिहरुलाई वन,वातावरण तथा बिपद ब्यवस्थापन समितिको निर्णय बमोजिम अधिकतम जनही रु.५०००।–(पाँच हजार) मात्र नबढने गरी प्रकोप ब्यवस्थापन कोष बाट सहयोग उपलब्ध गराउने ।

प्रस्ताव नं.: ८

प्रस्तावको विषय : आ.ब.२०८।०८१ को अन्तिम लेखा परिक्षण सम्बन्धमा ।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : आ.ब.२०८।०८१ को अन्तिम लेखा परिक्षण सम्बन्धमा ।

CamScanner

भएको निर्णय : महालेखा नियन्त्रक कार्यालय बाट खटि आएको निर्देशक सहितको टोली बाट यस नगरपालिकाको गत आ.ब. २०८०।०८१ अन्तिम लेखा परिक्षण गरी प्राप्त भएको प्रारम्भिक प्रतिबेदन माथि छलफल गरियो। अन्तिम लेखा परिक्षण बाट औल्याएका बिषयबस्तुहरुमा आगामी दिनमा सुधार गर्दै जाने निर्णय गरियो।

प्रस्ताव नं.: ९

प्रस्तावको विषय : प्रकोप ब्यवस्थापन कोषको रकम बाट मर्मत गर्ने सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : प्रकोप ब्यवस्थापन कोषको रकम बाट मर्मत गर्ने सम्बन्धमा।

भएको निर्णय :

१. यस बाँसगढी नगरपालिका वडा नं. ६ मा रहेको श्री जनप्रिय मा.बि.दमौलीको भवनको छाना बेमौसमी हावाहुरीले उडाएको हुँदा बिद्यालयमा पठन पाठनमा समस्या भएकाले नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम प्रकोप ब्यस्थापन कोष शिर्षक बाट प्राबिधिक स्टीमेट अनुसार मर्मत गर्ने।
२. बर्षा याममा आएको बाढीका कारण बाँसगढी नगरपालिका वडा नं. ९ थुमनी गाउँ जाने प्रबेश द्धार नजिक रहेको कल्भर्टको पंखा भत्किएकोले उक्त कल्भर्ट जिर्ण अवस्थामा भई आवत जावतमा समस्या भएकाले नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम प्रकोप ब्यस्थापन कोष शिर्षक बाट प्राबिधिक स्टीमेट अनुसार मर्मत गर्ने।

प्रस्ताव नं.: १०

प्रस्तावको विषय : सेवा करारमा लिई कामकाजमा लगाउने सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : सेवा करारमा लिई कामकाजमा लगाउने सम्बन्धमा।

भएको निर्णय : यस नगरपालिकाको मिति २०८१ भाद्र १२ गतेको प्रकाशित सूचना बमोजिम रिक्त रहेको बि.नं.०१/२०८१-०८२, मेडिकल अधिकृत (अधिकृत आठौं तह) माग पद संख्या १ (एक) र बि.नं. ०२/२०८१-०८२,पशु चिकित्सक (अधिकृत छैठौं तह) माग पद संख्या १(एक) सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी बिज्ञापनको सूचना अनुसार दरखास्त पेश गरेका उम्मेदवारहरुको बाँसगढी नगरपालिका करारमा प्राबिधिक कर्मचारी ब्यवस्थापन गर्ने समबन्धी कार्यबिधि,२०७५(संशोधन सहित) मिति २०८१ असोज १९ गते संचालन भएको लिखित तथा अन्तरवार्ताको समेत आधारमा सिफारिस भएका सफल उम्मेदवारहरुलाई हाजिर हुनको लागि सम्पर्क राख्न आउनको लागि तोकिएको सूचनाको समय भित्र सम्पर्कमा आएमा सेवा करारमा लिई कामकाजमा लगाउने।

प्रस्ताव नं.: ११

प्रस्तावको विषय : किसान परिचय पत्र बितरण सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : किसान परिचय पत्र बितरण गर्ने सम्बन्धमा।

भएको निर्णय : राधाकृष्ण थारु जनसेवा केन्द्र गुलरिया बर्दियाको सहकार्यमा यस बाँसगढी नगरपालिकाका ९ वटै वडाहरुमा अनलाईन प्रणाली बाट किसान सुचिकरण प्रणालीमा प्रबिष्ट हुने कार्य भैरहेको र अनलाईन सुचिकरण प्रणालीमा प्रबिष्ठ भैसकेका किसानहरुको परिचयपत्र बितरण कार्यको लागि नेपाल सरकार कृषि तथा पशुपंछी बिकास मन्त्रालय सिंहदरवार, काठमाण्डौमा अनुमति माग गर्ने।

प्रस्ताव नं.: १२

प्रस्तावको विषय : प्रमुख प्रशासकीय अधिकृतको बैदेशिक भ्रमण सम्बन्धमा।

कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : प्रमुख प्रशासकीय अधिकृतको बैदेशिक भ्रमण स्वीकृत गर्ने सम्बन्धमा।

भएको निर्णय : नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौ बाट स्वीकृत Seminar On Development Of Small Hydropower Standard For Belt @ Road Countries बिषयक 7, October 2024 देखि 31, October 2024 सम्मको यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत नोखिराम ओलीको चाइना भ्रमण स्वीकृत गर्ने।

प्रस्ताव नं.: १३

प्रस्तावको विषय : आर्थिक सहायता सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आर्थिक सहायता सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगको लागि माग भई आएको हुँदा निम्न अनुसारका ब्यक्तिहरुलाई अन्य सामाजिक सुरक्षा शिर्षक बाट तपसिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने।

तपसिल

| सि.नं. | ब्यक्तिको नाम र ठेगाना | सहयोग गर्नु पर्ने कारण | सहयोग गर्ने निर्णय भएको रकम | रकम ब्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | गुप्त बहादुर वली बाँसगढी ९ बर्दिया | निज उच्च रक्त चापका कारण बिरामी भई उपचार भै रहेकाले थप उपचारको लागि | २५००० | अन्य सामाजिक सुरक्षा |
| २ | दशरथ थारु बाँसगढी ३ बर्दिया | निजको हाइड्रोसिल र पेटमा मासु पलाएकोले थप उपचारको लागि | १०००० | अन्य सामाजिक सुरक्षा |
| ३ | धनसरा कामी बाँसगढी ९ बर्दिया | निज पेट सम्बन्धी बिरामी भई उपचाररत रहेको थप उपचारको लागि | १०००० | अन्य सामाजिक सुरक्षा |
| ४ | जुठेराम थारु बाँसगढी ६ बर्दिया | मुटु सम्बन्धी रोगको उपचार भई रहेको थप उपचारको लागि | १०००० | अन्य सामाजिक सुरक्षा |

प्रस्ताव नं.: १४

प्रस्तावको विषय : बिबिध सम्बन्धमा।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बिबिध सम्बन्धमा।

भएको निर्णय :

१. यस बाँसगढी नगरपालिका वडा नं. ८ स्थित श्री उपकार महिला समूहको आयोजनामा लक्ष्मणामा बिगत बर्ष देखि स्वास्थ्यको लाभको लागि ध्यान,जप तथा शारिरीक स्वास्थ्य लाभको लागि योगा कार्यक्रम संचालनका लागि माईक्रोफोन सहितको साउण्ड बक्स थान १ र मादल थान १ माग सहित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा १० इन्च सम्मको स्पीकर थान १ र मिडियम साइजको मादल

CamScanner

थान १ समेत कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम **मसलन्द तथा कार्यालय सामाग्री खरिद** शीर्षक बाट खरिद गरी उपलब्ध गराउने ।

२. यस बाँसगढी नगरपालिका वडा नं. ३ स्थित पुष्पनगर टोल बिकास समूह बाँसगढीको आयोजनामा उक्त स्थानमा रहेको सामुदायीक भवनमा शारिरीक स्वास्थ्य लाभको लागि योगा कार्यक्रम संचालनका लागि कार्पेट, पि फम,पर्दा,डण्डी र एङ्गल माग गरेको हुँदा यति कार्पेट ४३ मिटर,पिफम १० एम एम को ५७ मिटर,कार्पेट सुलेसन ३ लि.,पर्दा ४ थान र आवश्यक पर्ने पर्दाको डण्डी ,एङ्गल समेत कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम **कार्यालयको लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद** शीर्षक बाट खरिद गरी उपलब्ध गराउने ।

प्रस्ताव नं.: १५

प्रस्तावको विषय : नयाँ शहर स्थापनाको लागि शहरी पूर्वाधार निर्माण सम्बन्धमा ।

निर्णयको कानूनी आधारहरु : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : नयाँ शहर स्थापनाको लागि शहरी पूर्वाधार निर्माण सम्बन्धमा ।

भएको निर्णय :यस बाँसगढी नगरपालिकामा चालु आ.ब.२०८१।०८२ मा संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) कार्यक्रमको स्वीकृत बार्षिक कार्यक्रम **बर्दिया जिल्ला बाँसगढी नगरपालिकामा नयाँ शहर स्थापनाको लागि शहरी पूर्वाधार निर्माण कार्य**मा बिनियोजित बजेट रु.२०,००,०००।–(बिस लाख मात्र) बाट बाँसगढी नगरपालिका वडा नं. ३ पुष्पनगर देखि डुन्डवा खोला सम्मको दुबै तर्फको पक्की नाली निर्माण गर्ने ।

**स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने**

**नाम,थर : नोखिराम ओली**
**कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत**
**मिति: २०८१।६।२० गते**

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति,समय र स्थानमा बैठक बसि देहायका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

बैठक नं. १२४

मिति:-२०८१/०७/३०

समय:- बिहानको १०:०० बजे

स्थान:- नगर कार्यपालिका भवन बाँसगढी बर्दिया

बैठकमा भएको उपस्थिति:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |

CamScanner